संघीय संसद

प्रतिनिधि सभा

# राज्य व्यवस्था तथा सुशासन समिति

**संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धी प्रतिवेदन**

१. संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक (यसपछि "विधेयक" भनिएको) को दफा १ मा रहेको "२०७९" भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्कहरु राख्ने।

२. विधेयकको दफा २ बाट प्रस्तावित दफा ६ को,-

(१) उपदफा (८) झिकी त्यस पछिको उपदफाक्रम मिलाउने।

(२) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राख्नेः-

"(१०) उपदफा (२) वा (७) बमोजिम परिषद्को बैठक बस्ने मिति, समय र स्थानको जानकारी सचिवले सदस्यलाई पत्रमार्फत र विद्युतीय माध्यमबाट समेत गराउनु पर्नेछ।"

(३) उपदफा (११) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (१०) पछि देहायको उपदफा (११) थपी त्यसपछिको उपदफाक्रम मिलाउनेः-

"(११) परिषद्को बैठकमा कुनै सदस्य उपस्थित हुन नसक्ने भएमा उपस्थित हुन नसक्ने कारण सहितको जानकारी बैठक बस्ने समयभन्दा चौबिस घण्टा अगावै निजले अध्यक्षलाई गराउनु पर्नेछ।"

(सुरज कुमार दुरा)
समिति सचिव

(रामहरि खतिवडा)
सभापति

मितिः २०८१/०२/१७